# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

Phone: 9857836006
E-mail: mandavimun2073@gmail.com
Website: mandavimun.gov.np


पत्र संख्या:२०८०/८१

चलानी नं:

---

## नक्सा पास गरेर मात्र भवन निर्माण गर्ने बारेको अत्यन्त जरुरी सूचना ।

**प्रथम पटक सूचना प्रकाशन भएको मिति : २०८०/०५/१०**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम कसैले पनि गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु नपाईने व्यवस्था भएको तथा नक्सा पास सम्बन्धी कार्यलाई व्यवस्थित बनाउन यस गाउँपालिकाले भवन निर्माण सम्बन्धी घर नक्सा निर्माण मापदण्ड २०७९ स्वीकृत गरी कार्यान्वयनमा समेत ल्याईसकेकोले गाउँपालिका क्षेत्र भित्र भवन निर्माण गर्ने गराउने सम्बन्धमा देहाय बमोजिम गर्न गराउन सबै गाउँबासीहरुमा अनुरोध छ ।

तपशील:-

१) कसैले पनि गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नपाईने भएकोले नक्सा पास नगरी कुनै पनि भवन निर्माण नगर्ने (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ )

२) गाउँपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने व्यक्ति वा सरकारी कार्यालयले भवन निर्माण गर्ने अनुमतिको लागि देहायका कागजात सहित गाउँपालिका समक्ष निवेदन पेश गर्ने (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ )

*व्यहोरा खुलेको निवेदन ।

* निर्माण हुने भवनको नक्शा थान २ ।

*चालु आ.व. सम्मको मालपोत र घरजग्गा कर वा एकीकृत सम्पति कर तिरेको रसिद

*घरधनीको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

*कित्ता नं स्पष्ट भएको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपी

*ट्रेस नक्शा ।

*नक्शा बनाउने इन्जिनियरको सूचिकृत प्रमाणपत्रको प्रतिलिपी ।

*घरधनीको पासपोर्ट साईजको फोटो २ प्रति

* नक्शामा सेफ्टी ट्यांक र सोकपिट समेत स्पष्ट देखिएको कागजात ।

प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

३) कसैले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाबाट नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृति वेगर हेरफेर गरी भवन निर्माण गरेको वा गरिरहेको ठहरेमा नक्सा पास नगरी भवन बनाईएको भए पाँच लाख रुपैया र पास भएको नक्सामा स्वीकृति वेगर हेरफेर गरी भवन बनाएको भए दुईलाख रुपैयासम्म जरिवाना गरी गाउपालिका अध्यक्षले सो भवन वा त्यसको कुनै भाग भत्काउन आदेश दिन सक्ने भएकोले नक्सा पास नगरी भवन निर्माण नगर्ने । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३९ (४ र ५)

४) सि.नं ६ बमोजिम गाउपालिका अध्यक्षले दिएको आदेश बमोजिम भवन भत्काउदा लागको खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ भवन निर्माणको सम्बन्धमा ऐनको परिच्छेद ७ मा स्पष्ट व्यवस्था गरेको र उक्त ऐन पूर्ण रुपमा कार्यान्वयन आईसकेको तथा यस गाउँपालिकाले भवन निर्माण सम्बन्धी घर नक्सा निर्माण मापदण्ड २०७९ स्वीकृत गरी कार्यान्वयनमा समेत ल्याईसकेकोले भवन निर्माण गर्दा अनिवार्यरुपमा नक्सापास गरेर मात्र भवन निर्माण गर्न सबै गाउँवासीहरुलाई विनम्र अनुरोध छ । नक्सापास नगरी भवन निर्माण गरेको पाईएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३९ ४० र ४१ बमोजिम हुने व्यहोरा समेत अनुरोध छ

............................
प्रकाश पाण्डे
प्रमुख प्रशासकिय अधिकृत

प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत